2220 / 429

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २५३/०७३/७४
निर्णय नं. ४२१

जिल्ला सुनसरी, धरान उ. म. न. पा.-१३ निबासी विष्णुप्रसाद चौलागाई ..................१ } पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला बिकास समितिको कार्यालय, सुनसरी ..................................१ } विपक्षी
सूचना अधिकारी, जिल्ला बिकास समितिको कार्यालय, सुनसरी ..................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला सुनसरी, धरान उ. म. न. पा.-१३ निवासी विष्णुप्रसाद चौलागाईले जिल्ला विकास समितिको कार्यालय, सुनसरी समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०८।२७ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी जिल्ला बिकास समितिको कार्यालय, सुनसरीको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. जिल्ला बिकास समितिको कार्यालय, सुनसरी र मातहतका कार्यालयहरुको सूचना अधिकारीको नाम र सम्पर्क नम्बर र कार्यालयको ठेगाना ।
२. जिल्ला बिकास समितिको कार्यालय, सुनसरी अन्तर्गतका समिति, उपसमितिहरुको प्रमुख वा संयोजकहरुको नाम र सम्पर्क नम्बर सहितको बिवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७३ साल पुष २१ गते रोज ५ शुभम् ।